# रामप्रसादराई गाउँपालिका गाउँ सभाको १७ औं अधिवेशनमा गाउँपालिका अध्यक्ष श्री थाम बहादुर राईद्वारा प्रस्तुत आर्थिक वर्ष २०८२/०८३ को

# वार्षिक नीति तथा कार्यक्रम

२०८२ साल आषाढ १० गते मंगलबार

रामप्रसादराई गाउँपालिका
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल।

# रामप्रसादराई गाउँपालिका गाउँ सभाको १७ औं अधिवेशनमा गाउँपालिका अध्यक्ष श्री थाम बहादुर राईद्वारा प्रस्तुत आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम

## २०८२ साल आषाढ १० गते मंगलबार

रामप्रसादराई गाउँपालिकाको गाउँसभा बैठकको १७ औं अधिवेशनको गरिमामय सदनमा उपस्थित गाउँपालिकाको उपाध्यज्यू, सभाको सचिवज्यू, गाँउ सभा सदस्यज्यूहरु साथै सम्पूर्ण कर्मचारीज्यूहरु,

यस गाउँपालिकाको अध्यक्षको रुपमा गरिमामय सभामा आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मलाई खुशी लागेको छ ।

सर्वप्रथम, सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि आफ्नो अमूल्य जीवन वलिदान गर्नुहुने ती महान सहिद्हरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु। यसै क्रममा भएका जनआन्दोलन तथा सशस्त्र संघर्षको क्रममा, घाइते,अपाङ्ग, तथा वेपत्ता योद्धाहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु। मुलुकमा नयाँ संविधान जारी भएपछि सोही

संवैधानिक व्यवस्था बमोजिम तीन तहका सरकारहरु कृयाशील रही आएको सर्वविदितै छ । यो मौलिक स्वरुपको राजनैतिक उपलब्धीसँगै मुलुकमा दोश्रो पटक भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित हामी जनप्रतिनिधिहरु आज तेस्रो वर्ष पूरा गरी चौथो वर्षको यात्रामा हिंडिरहेका छौं । जनताको भरपर्दो साथ र विश्वास पाएको वर्तमान अवस्थामा राज्यको सम्पूर्ण श्रोत र सामर्थ्यको सदुपयोग गरी यस गाउँपालिकाको विकास र समृद्धिको यात्रामा अविचलित रुपमा अघि बढ्न ठूलो प्रेरणा मिलेको छ ।

विगत देखि वर्तमानमा आईपुग्दा हामीले हाम्रा नागरिकहरुमा स्थानीय सरकारप्रतिको थप आशा र भरोसा पैदा गर्दै आर्थिक गतिशीलता बढाउन,भ्रष्टाचार नियन्त्रण गर्दै अवल सुशासन कायम गरी गाउँपालिकाको केन्द्र सम्म बाह्रै महिना यातायातको संजाल सँग जोडिनु, स्थानीय स्तरमा जनशक्ति उत्पादनको अवसर हुनु, ऐतिहासिक स्थल, प्राकृतिक श्रोत तथा जडिबुटीको उपलव्धता हुनु, विविध हावा, पानी र विविधताले पूर्ण हुनु यस गाउँपालिकाको सबल पक्ष हुन् । यसका अलवा न्यून आन्तरिक आय, सीमित श्रोत साधन, दक्ष जनशक्तिको अभाव हुनु यस गाउँपालिकाका दुर्बल पक्ष रही आएका छन्।

तथापि वडा कार्यालयवाट प्राप्त अधिकार बमोजिमका कार्य संचालन हुँदै जानु, सबै वडा कार्यालयहरु यातायातको संजालमा आउनु, ऐतिहासिक तथा पर्यटकीय स्थल, दृश्यावलोकन स्थल यस गाउँपालिकाका अवसर रही आएका छन्।

पहाडी जिल्लामा भएको यस गाउँपालिकाको भौगोलिक विकटताको कारण विकासमा कठिनाई, युवाशक्ति विदेश पलायन हुनु, न्यून श्रोत साधनका कारण गाउँपालिकावासीहरुको आकांक्षा अनुसार विकासका कार्यक्रमहरु अगाडि वढाउन नसक्नु, विषयगत कार्यालयसँग पूर्णरुपमा कार्यक्रमहरु गाउँपालिकाभित्र आउन नसक्नु हाम्रो मुख्य चुनौतीहरु रहेका छन्।

यी चुनौतीहरुका वावजुद पनि गाउँपालिकाका आठ वटै वडा क्रियाशिल हुनु, गाउँपालिकामा कार्य संचालनका लागि सबै शाखाहरूबाट सेवाप्रवाह हुनु र विषयगत शाखा स्थापना हुनु, विषयगत समिति गठन भई कार्यसम्पादनमा लाग्नु जस्ता कार्यबाट यस गाउँपालिकाले सम्पादन गर्ने सेवाहरु सुचारु गर्न हामीलाई धेरै सहज भएको छ।

तीन वर्षको अनुभवले हामीलाई आगामी कार्यअवधिको लागि यात्रा तय गर्न धेरै क्षेत्र र पक्षमा मार्गनिर्देशन गरेको छ। थुप्रै पाठ पनि सिकाएको छ। निर्वाचित भएपछिको शुरु वर्षदेखि तेस्रो वर्ष सम्मको अवधिमा आइपुग्दा केही अलमल, केही कठिनाइ, नीतिगत र प्रकृयागत कुरा बुझ्न केही ढिलाइ भएकै हो। चालु आर्थिक वर्षमा वडा र गाउँ कार्यपालिकाको कार्यालय दुबैतर्फबाट छनौट भएकामध्ये केही योजना र कार्यक्रमलाई चाहेजति प्रभावकारी र प्रतिफलयुक्त बनाई समयमा कार्य सम्पन्न गराउन नसकिएको कुरा सर्वविदितै छ।

यसो भन्दैमा विगत तीन वर्षमा हाम्रा प्रयासहरु प्रतिफलमुखी नभएको पनि हैन। महत्त्वपूर्ण कुरा विगतको गल्तीबाट पाठ सिकेर आगामी दिनमा थप सुधारको योजनासहित प्रतिबद्ध भएर अगाडि बढ्नु हो। यो कुरा विगतका कार्यपालिकाका बैठकहरुमा पनि हामी कार्यपालिकाका सदस्यहरुले अनुभूत गरिसकेका छौं साथै नीतिगत सुधारको लागि कार्यपालिकाका बैठकहरुबाट पनि केही निर्णयहरु गरिसकेका छौं। तसर्थ आगामी आर्थिक वर्षको लागि प्रस्तुत यस नीति तथा कार्यक्रमलाई पढ्दा तथा सुन्दा यस पालिकाले गरेका थप सुधारका प्रयासको अनुभति गर्न सक्नुहुनेछ भन्ने विश्वास लिएको छु।

सुन्दर र समृद्ध रामप्रसादराई गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिकाबासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु समक्ष अभिव्यक्त गरेका प्रतिवद्धताहरु पूरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८२/८३ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। आज

नागरिकहरुको घरदलानसम्म संघीय लोकतान्त्रिक गणतन्त्रको अनुभूतिसम्म दिलाउन सकिएको छैन, यसका लागि दिगो विकासका लागि राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हाँसिल गर्न एकीकृत अभियान सञ्चालन गरिनेछ।

गाउँपालिकालाई उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा स्थापित गर्ने, आधारभूत शिक्षा र स्वास्थ्य सुनिश्चित गर्ने, गुणस्तरीय भौतिक पूर्वाधारको विकास र दिगो व्यवस्थापन गर्ने, पर्यापर्यटनको क्षेत्रमा विस्तार गरी कृषि क्षेत्रको दिगो विकासमार्फत स्थानीयबासीको जीवनस्तर सुधारलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिएको छ।

**गाउँ सभाको १७ औं अधिवेशनको गाँउ सभा सदस्यज्यूहरु,**

आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, चालु आवद्यिक योजना, हामीले जनप्रतिनिधिको हैसियतले जनता सामु गरेका प्रतिवद्धता, टोलस्तर देखि वडास्तर हुँदै पालिकाले बनाएका नीतिगत दस्तावेजलाई आधार लिई विषयगत समितिबाट सिफारिस हुँदै बजेट तथा कार्यक्रम तर्जुमा समिति सम्मका वजेट तर्जुमाका चरणमा भएका छलफल, गाउँ कार्यपालिका बैठकमा भएका छलफलबाट प्राप्त सुझाव, विभिन्न संघ संस्थाबाट प्राप्त सुझाव, निजी क्षेत्रबाट प्राप्त सुझाव तथा प्रचलित ऐन, कानूनमा रहेको व्यवस्था, संघ र प्रदेश सरकारको नीति तथा कार्यक्रम, स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएका काम, कर्तव्य र अधिकारलाई मुख्य आधारको रुपमा लिएको छु।

स्थानीय तहको दोस्रो निर्वाचनद्वारा निर्वाचित रामप्रसादराई गाउँपालिकाका हामी पदाधिकारीहरु संविधानवाद, कानूनको शासन, मानवअधिकार, मौलिक हकको संरक्षण र प्रवर्द्धन, सामाजिक न्याय तथा सुशासनयुक्त स्थानीय शासनको अभ्यास

एवम् स्थानीय तहको सुदृढीकरण मार्फत सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गर्न, संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्वन्धलाई समन्वय, सहकार्य र सहअस्तित्वको आधारमा मजबुत बनाउँदै निर्वाचनका समयमा सार्वभौम नागरिक समक्ष हामीबाट ब्यक्त गरिएका प्रतिवद्धता अनुरुप स्वच्छ, सदाचारयुक्त सुशासनको प्रत्याभूति सहित स्वचालित कार्यप्रणालीको स्थापना र अभ्यासको माध्यमद्वारा स्थानीय तहबाट प्रवाह गरिने सेवामा गुणस्तरीयता, निष्पक्षता, पारदर्शिता, प्रभावकारिता, मितव्ययिता, जवाफदेहिता एवं जिम्मेवार सुशासन प्रणालीको प्रवर्द्धन गर्न प्रतिबद्ध रही योजनावद्ध विकासद्वारा मात्र दिगो शान्ति र समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतामा दृढ तथा प्रतिबद्ध छौँ।

यसै सन्दर्भमा आ.व. ०८२।०८३ को नीति तथा कार्यक्रमको उद्देश्य एवं प्राथमिकता निम्न अनुसार भएको व्यहोरा यो सभा समक्ष प्रस्तुत गर्न चहान्छु ।

**यस नीति, कार्यक्रम तथा बजेटका उद्देश्यहरु निम्न अनुसार छन् :-**

१) गाउँपालिकाको गरिबी न्यूनिकरण गर्दै जनताको जीवनस्तर सुधार गर्न न्यूनतम आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्ने,

२) संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न अनुदानहरुको उच्चतम् परिचालन गर्दै गाउँपालिकाभित्र रहेका स्रोत साधन, राजश्वको पहिचान र परिचालन गर्दै आफ्नै जनशक्तिको प्रयोग गरी गाउँपालिकाको आर्थिक सम्बृद्धि हासिल गर्ने,

३) सार्वजनिक, निजी र कृषि सहकारी क्षेत्रलाई प्रोत्साहित गर्दै कृषि, पर्यटन तथा पूर्वाधारका क्षेत्रमा लगानी गरी, सुदृढ र दिगो अर्थतन्त्रको निर्माण गर्ने।

४) उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने।

५) विपद न्यूनिकरण प्रतिकार्य तथा व्यवस्थापन गर्ने ।

**यसै गरी यस नीति, कार्यक्रम तथा बजेटका प्राथमिकताहरु निम्न अनुसार रहेका छन् :-**

१. गाउँपालिका भित्रको शिक्षा, स्वास्थ्य, आवास र रोजगारी जस्ता आधारभूत मानवीय आवश्यकताहरुको परिपूर्ति गर्ने क्षेत्रहरुको विकास र प्रवर्द्धन गर्ने,
२. उच्च र दिगो आर्थिक वृद्धिदर हासिल गर्न कृषि, पशुपालन, शिक्षा, पर्यटन, घरेलु तथा साना उद्योगका क्षेत्रमा पूँजी परिचालन गर्ने,
३. भौतिक र सामाजिक पूर्वाधारको विकास गरी सम्वृद्ध गाउँपालिका बनाउने अभियान लाई गति दिन शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, सडक, सिंचाई, जलविद्युत जस्ता क्षेत्रहरुको निर्माण, विकास र विस्तार गर्ने,
४. गाउँपालिका सरकारको आधार सुशासन, नैतिकता र सदाचार भन्ने अभिप्रायका साथ आम गाउँपालिका बासीलाई गुणस्तरीय, परिणाममुखी र छिटो छरितो सेवा प्रदान गर्ने,
५. मानव समाजको मूल आधार कृषिमा सुधार गर्ने उद्देश्यले कृषकहरुलाई उत्पादनको आधारमा उपहार कार्यक्रम ल्याइने।
६. प्राकृतिक प्रकोपको न्यूनिकरण र पर्यावरणीय संरक्षण गर्ने।
७. नागरिकको घरघरमा बादर आतङ्क बढिरहेको सन्दर्भमा यसको नियन्त्रणको लागि आवश्यक व्यवस्था मिलाउने,
८. सबै जातजातीको भाषा,धर्म,संस्कार,संस्कृतिको संरक्षण गर्ने कार्यमा आवश्यक व्यवस्था मिलाइने।

विकास बहुआयमिक विषय भएकोले यसको लक्ष्य प्राप्त गर्न कुनै एक क्षेत्रबाट मात्र सम्भव छैन। विकासको प्रमुख दायित्व यस रामप्रसादराई गाउँपालिका क्षेत्रमा गाउँपालिकाको हो भन्ने कुरामा दुईमत छैन तर बहुआयमिक विकासको लागि केवल गाउँपालिकाको मात्र मुख ताकेर बस्नु पनि बुद्धिमानी पूर्ण कार्य होईन र यो तर्कसंगत पनि छैन। किनकी गाउँपालिका बाहेक अरु पनि विकासका संवाहक छन, सबै संवाहक

गाउँपालिका सँग हातेमालो गरी यो गाउँपालिकाको विकासको लागि तनमन लगाएर सदा लाग्नु पर्ने कुरा म यस सभामा राख्न चाहान्छु।

**माननीय गाँउ सभा सदस्यज्यूहरु,**

टोल वस्तीस्तरबाट आएका योजना कार्यक्रमहरुको सम्बोधन गर्दै वडा स्तरको विकास गर्नका लागि मूलत वडा अध्यक्ष लगायत वडाका सम्पूर्ण सदस्यज्यूहरुको मुख्यत: नेतृत्वदायी भूमिका रहन्छ। वडामा रहेका शिक्षण संस्था, गैरसरकारी संस्था, विभिन्न संघ सस्था, समिति र टोल विकास संस्था समेतलाई विकासको मूलधारमा लैजानु आजको अर्थपूर्ण यथार्थ हुनु पर्दछ भन्ने मलाई लाग्दछ। यस सन्दर्भमा विकास र सम्वृद्धि भन्दा हाम्रो अन्य विकल्प नभएको कुरा हामी सबैले गहिरिएर बुझ्नु आजको आवश्यकता हो भन्ने कुरामा पनि मेरो स्पष्ट बुझाई रहेको छ।

**गाउँ सभाको १७ औं अधिवेशनमा उपस्थित गाँउ सभा सदस्यज्यूहरु,**

अब म यस गाउँपालिकाको हाम्रा बीचमा हाल कायम रहेको विद्यमान परिस्थिति,अवसर तथा चुनौतिहरुको विषयमा राख्न गइरहेको छु ।

**(क) विद्यमान परिवेश**

विश्वव्यापीरुपमा फैलिएको विपद्जन्य महामारी तथा रुस÷युक्रेन तथा इजरायलमा भएको युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाई समेत प्रत्यक्ष तथा परोक्ष रुपमा प्रभाव पारेको छ । फलस्वरुप बढ्दै गएको आर्थिक मन्दिका कारण आज तीनै तहका सरकारहरुका विकास प्रयासहरुमा केही न केही असर परेको छ । संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तान्तरणमा नकारात्मक असर पुगेको छ । हाम्रो गाउँपालिकामा पनि गत वर्षको तुलनामा यस वर्ष संघीय सरकारबाट प्राप्त सबैखाले अनुदानमा कमी आएको छ भने चालु आ. व. मा सबै अनुदान निकासा हुन नसकेको अवस्था छ ।

नेपालले जनसांख्यिक लाभ लिँदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लागेको परिवेशमा युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेशिने जुन लहर छ, त्यसबाट हाम्रो गाउँपालिका पनि अछुतो रहन सकेको छैन । बसाइँ सराइका कारण यस गाउँपालिकाका गाउँघरहरू दिन प्रतिदिन सुनसान बस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन । उब्जाउ खेतबारी बाँझो हुन पुगेका छन । यसले हामी सबैलाइ गम्भीर बनाएकोछ । यस सन्दर्भमा युवालाइ पालिकभित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाइलाई आकर्षक, सुखी र आनन्दी बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो गाउँपालिकाको समग्र अर्थतन्त्रलाई उत्पादनशील क्रियाकलापमार्फत अगाडि बढाउने तथा भविष्यमा यस पालिकालाई थप संमृद्ध बनाउनको लागि दिर्घकालिन रुपमा बैकुन्ठे सहिद पार्क तथा पाहुना घर,खोक्शिक सिंहदेवी बासिखोरा बैकुन्ठे सडक,बैकुन्ठे भुल्के ओख्रे सडक,भोजपुर सदरमुकाम देखि पालिका केन्द्र तथा मानेभन्ज्याङ हतुवागढी हुदै तराइ जोड्ने सडक,दलगाउँ भुल्के ओख्रे पाप्माखाम भन्ज्याङ सडक तथा शीत भण्डार जस्ता आयोजनालाई यस पालिकाको गौरवको आयोजनाको रुपमा विकास गर्नको लागि संघ, प्रदेश तथा स्थानीय सरकारबाट संयुक्त लगानिको व्यवस्था मिलाउनको लागि एकीकृत योजना कार्यक्रमको अवधारणाको साथ गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिदै नागरिकहरुको आयस्तरमा क्रमश सुधार ल्याउनु पर्ने अवस्था सृजना भएको छ ।

संघ प्रदेश र स्थानीय तह बीचको सहकार्यमा जोड दिंदै प्राप्तहुने समपूरक कोषबाट संचालन गर्ने योजनाको लागि नीतिगत व्यवस्थाको साथ समपूरककोषमा बजेटको सुनिश्चितता गर्दै सेवा प्रवाहलाइ थप प्रभावकारी बनाई सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि विद्युतीय शासन प्रणालीमा आधारित सेवा प्रवाहलाई व्यापक र प्रभावकारी बनाउनु पर्ने आवश्यकता छ । तुलनात्मक रुपमा दूर्गम भूगोल भएको कारण चालु

आ.व. मा यस कार्यालयमा कार्यरत अधिकांश कर्मचारीहरु सरुवा भई बाहिर गएका छन्,आगामी दिनमा यस्ता खाले प्रवृतिलाई रोक्दै कर्मचारीलाई उत्प्रेरित गराई सेवा प्रवाहमा संलग्न गराउनु चुनौतिपूर्ण भएको छ ।

## ख. अवसर र चुनौतिहरु

विद्यमान अवसरहरु

हाम्रा लागि देहायबमोजिम अवसरहरु रहेका छन् ।

१. संविधान प्रदत्त २२ ओटा एकल र १५ ओटा साझा अधिकार क्षेत्र किटान हुनु ।

२. आफ्ना अधिकारक्षेत्रमा पर्ने विषयमा निरन्तर रुपमा नीतिहरु बन्ने अभ्यास हुनु ।

३. प्राकृतिक श्रोत साधन जस्तै पानी, वन, ढुंगा, जडिबुटीको प्रचुरता रहनु ।

४. पर्यटकीय दृष्टिले आकर्षक प्राकृतिक र धार्मिक स्थलहरुको प्रचुरता रहनु ।

५. वडा कार्यालय र स्वास्थ्य चौकीजस्ता संस्थाहरुमा भौतिक र सूचना प्रविधिसँग सम्बन्धित पूर्वाधारको विकास हुनु ।

६. गाउँपालिका क्षेत्रमा सांस्कृतिक विविधता र धार्मिक सहिष्णुताको विद्यमानता रहनु ।

७. सबै वडामा सडक पूर्वाधारको पहुँच रहनु ।

८. विपद्जन्य मनसुनका कारण सडक पूर्वाधारको अवस्था बिग्रिएको खण्डमा ब्याक हो लोडर मेशिन आंफैसंग हुनु

९. गाउँपालिका क्षेत्रमा उत्पादित कृषिजन्य उत्पादनलाई बजारसम्म लानको लागि कृषि एम्बुलेन्सको पहुँच हुनु

१०) गाउँपालिका भित्रका गर्भवति महिला,अनाथ असहाय,जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई सुविधा सम्पन्न अस्पतालसम्म पुर्याउन एम्बुलेन्सको व्यवस्था हुनु ।

११)राजनैतिक रुपमा फरक विचारको सम्मानका साथ सहमतिमा निर्णय गर्ने अभ्यास स्थापित हुनु ।

१२) जनप्रतिनिधी र कर्मचारीबीच सौहार्द्रपूर्ण र विश्वासिलो सम्बन्ध कायम भई समन्वयात्मक ढंगले काम गर्ने वातावरण रहनु।

## विद्यमान चुनौतिहरु

हाम्रा लागि देहायबमोजिम चुनौतिहरु रहेको हामीले अनुभूत गरेका छौं।

१. जनताबाट माग भई आउने योजना र कार्यक्रमलाई आवस्यकता र औचित्यमा आधारित बनाउनु।

२. निर्माण सम्पन्न भएका भौतिक विकासका संरचनाहरुलाई मर्मत संभार गर्दै दिगो रुपमा सञ्चालनमा ल्याउनु

३. गाउँको कृषि उत्पादनलाई बजारसँग जोड्ने स्थायी प्रणालीको विकास गर्नु।

४. खानेपानी, आधारभूत शिक्षा र आधारभूत स्वास्थ्यकै अभावको कारणले बसाईँ हिँड्ने बाध्यताको अन्त गर्नु

५. जलवायु परिवर्तनलाई न्यूनिकरण गर्दै जलवायु अनुकुलनका अभ्यासलाई स्थानीय रुपमा प्रणालीबद्ध गर्नु।

६. सेवाग्राहीमैत्री सार्वजनिक सेवा प्रवाहलाई स्थापित गर्न कर्मचारीलाई उत्प्रेरित गर्नु।

७. संघीय सरकार र प्रदेश सरकारबाट यस पालिकाक्षेत्रमा सञ्चालित भौतिक निर्माणका योजनामा हाम्रो स्थानीय सरकारको प्रत्यक्ष सहभागिता नहुने गरेको अवस्थाको अन्त गर्नु।

८. समय सापेक्षित जनताको चेतनामा विकास गर्नु।

९. जनता र जनप्रतिनिधिहरु बीचको सम्बन्धलाई सुमधुर बनाउनु।

१०. हाम्रो गाउँको विकास हामी सबैको साझा प्रयासबाट मात्र सम्भव छ ता कि एक्लो प्रयासबाट हैन भनेर बुझाउनु।

## ग. नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु

आगामी आर्थिक वर्ष २०८२/८३ को लागि नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा मैले तपसील बमोजिम कुराहरुलाई प्रमुख आधारको रुपमा लिएको छु।

१. नेपालको संविधानः यस अन्तरगत विशेष गरी मौलिक हक, स्थानीय कार्यपालिका/व्यवस्थापिका/आर्थिक कार्यप्रणाली, अनुसूची ८ र ९ मा रहेका स्थानीय तहका क्रमशः एकल र अन्य तहसँगका साझा अधिकारहरु
२. स्थानीय सरकारबाट निर्माण गरिएका आवधिक योजना, कृषि रणनैतिक गुरु योजना, सडक गुरु योजना जस्ता नीतिगत दस्तावेजले निर्दिष्ट गरेका दीर्घकालिन सोच, लक्ष्य र उद्देश्यहरु
३. दिगो विकास लक्ष्यहरु (सन् २०१५÷२०३०) लाई स्थानीयकरण गर्ने विषयहरु
४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
५. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
६. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
७. आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व ऐन,२०७६ नियमावली २०७७
८. राष्ट्रिय योजना आयोगले तयार पारी जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
९. संघ प्रदेश र स्थानीय तहवीचको समन्वय र अन्तरसम्बन्ध सम्बन्धी ऐन,२०७७
१०. स्थानीय तहसं सस्थागत क्षमता स्वमूल्यांखन कार्यविधि, २०७७
११. प्रदेश तथा स्थानीय तहका लागि लैंगिक उत्तरदायी बजेट नमुना निर्देशिका, २०७७

१३)विपद जोखीम न्यूनिकरण तथा व्यवस्थापन ऐन,२०७४

१४) पछिल्लो स्थानीय तहको निर्वाचनमा विजयी जनप्रतिनिधिहरुले जनतासमक्ष प्रस्तुत गरेका घोषणापत्रहरु

१५) गाउँपालिकाका बासिन्दाहरु, उद्योगी व्यावसायीहरु, पूर्व जनप्रतिनिधिज्यूहरु, शैक्षिक क्षेत्रमा कृयाशील व्यक्ति व्यक्तित्वहरु, युवा/आमा समूहका प्रतिनिधिहरु र गाउँकार्यपालिकाका कर्मचारीहरुले प्रदान गर्नुभएका अमूल्य सुझावहरु, संघ र प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई मुख्य आधारको रुपमा लिएको छ।

## घ. चालु आर्थिक वर्षको हालसम्मका प्राप्त उपलब्धिहरुको संक्षिप्त विवरण

अब म विगत र चालु आर्थिक वर्षमा हाम्रो साझा प्रयासले प्राप्त भएका उपलब्धीहरु र केही सार्थक हुन नसकेका प्रयासहरुमा प्रवेश गर्दछु ।

### आर्थिक विकास

हालसम्म गाउँपालिकामा अधिकतम सडकहरु कृषि सडकको रुपमै सञ्चालित छन् । वडा नं १ ओख्रेका अतिरिक्त वडा नं. ८ खोक्शिकमा व्यवस्थित कृषि हाटबजार स्थलको निर्माण भएको छ । कृषि सहकारी संस्थालाई व्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित गरिए पनि त्यसले मूर्त रुप लिन सकेको छैन ।कृषि उत्पादनलाई बजारसम्म पुर्याउने काममा सहजीकरण गर्न कृषि एम्बुलेन्स खरिद भई संचालनमा रहेको छ। गाउँपालिकाभित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र प्रवर्ध्दन गर्ने कामलाई व्यवस्थित रूपमा कार्यान्वयनमा ल्याइएको छ । रोजगारी सृजना गर्न गाउँपालिकाभित्र रहेको श्रम शक्तिको लागि विभिन्न सीपमूलक तालिम सञ्चालन गरिए पनि त्यसबाट अपेक्षित रोजगारी सिर्जना भने भएको छैन।

### सामाजिक विकास

हाल यस गाउँपालिकामा ७ ओटा माध्यमिक विद्यालयसहित कुल ३४ विद्यालय रहेकामा अधिकांश विद्यालयमा आवस्यक कक्षाकोठा, खेलमैदान र इन्टरनेटको उपलब्धता रहेको छ। गाउँपालिकामा एकरुपता ल्याउनको लागि शैक्षिक क्यालेण्डर

कार्यान्वयनमा आएको छ। शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने प्रणाली विकास गरिएको छ। भौतिक पूर्वाधार र इन्टरनेटको सुविधासहित गाउँपालिकाका सबै वडामा न्यूनतम पूर्वाधार सहितको स्वास्थ्यचौकी भवनहरु रहेका छन् । सबै स्वास्थ्य चौकीहरुमा दरबन्दी अनुसारका जनशक्ति रहेका छन् । सुरक्षित रुपमा सुत्केरी गराउन ५ ओटा वडामा बर्थिङ सेन्टरहरु सञ्चालनमा आएका छन् । कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवामा सूचना प्रविधिको प्रयोग शुरु भएको छ । युवाहरूको संलग्नता बढाउनका लागि विभिन्न खेलकुदका कार्यक्रमहरु संचालनमा ल्याइएको छ भने महिला, बालबालिका, जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति,दलित तथा आदिवासी जनजातिहरुको लागि कार्यक्रम संचालन गर्दै संस्कृति प्रवर्धन तथा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणमाजोड दिंदै विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेको छ ।

## भौतिक पूर्वाधार विकास

### सडक यातायात

यस गाउँपालिकामा हाल सम्म सवै वडामा सडकको पहुँच पुगेको हुँदा गाउँपालिकाले विभिन्न बस्ती र पर्यटकीय क्षेत्रहरूमा समेत वर्षको अधिकतम समय गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेको छ, उच्च तवरबाट सडक स्तरोन्नति गरी सम्बन्धित सडक खण्डहरुमा बर्खाको समयमा हुनसक्ने यातायात आवतजावतको अवरोधलाई न्यूनिकरण गरिएको छ भने गाउँपालिकाबाट अन्य गाउँपालिका नगरपालिकासम्मको सडक पहुँचलाई सुदृढ बनाइएको छ। तर निर्माण भएको सबै सडकको नियमित मर्मत र स्तरोन्नति हुन नसक्दा सबै मौसममा यातायात सुचारु गर्न कठिनाई भएको छ।

### सिंचाइ

गाउँपालिकाका विभिन्न वडामा सिंचाइ सुविधा प्राप्त हुने अवस्था सृजना भएकोछ। सिँचाइको साथसाथै खानेपानीको लागि पर्याप्त योजना र बजेट विनियोजन गरिएको छ ।तर काम गर्नसक्ने युवा जनशक्ति विदेशिने र बसाईँ हिंड्ने प्रवृत्ति नरोकिएकोले सिँचाइ सुबिधा पुग्ने खेतबारी समेत बाँझै रहने विडम्बनापूर्ण दृश्य हामीले देख्नुपरेको

छ । जलवायु परिवर्तनको नकारात्मक प्रभावका कारण अपेक्षा बमोजिम सिँचाइको लागि पानी प्राप्त हुने कुरामा चुनौती थपिएको छ

## वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार व्यवस्थापनलाई समेटी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको छ । कोशी प्रदेशमै एक मात्र यस गाउँपालिकामा जलवायु अनुकुलनको क्षेत्रमा योजना बनाई सञ्चालन गर्ने गरी एक करोड पचास लाख रुपैयाँ बजेट प्राप्त भएकोमा उक्त बजेट रकमबाट सबै वडामा स्थानीय अनुकूलन कार्ययोजना अनुसारका कार्यक्रहरु कार्यान्वयन भई सम्पन्न समेत भएका छन् । गाउँपालिका क्षेत्रमा रहेका सामुदायिक वनलाई स्थानीय सरकारको अधिनमा ल्याई उपयोग र संरक्षण सहितको वैज्ञानिक वन व्यवस्थापनका अभ्यासहरू गराउन प्रयास गरिएको छ ।

## सुशासन तथा संस्थागत विकास

गाउँपालिकाले आवश्यकताको आधारमा ऐन, नियमावली, कार्यविधि, निर्देशिका र मापदण्डहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। संघीय सरकारले २०७६ सालमा गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा नै गाउँपालिकाले संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएको छ । यस गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ९३ अंक प्राप्त गरी जिल्लामा उत्कृष्ट गाउँपालिका बन्न सफल भएको छ भने महालेखा परीक्षकको कार्यालयबाट प्रकाशन गरिएको ६२ औं प्रतिवेदन अनुसार कोशी प्रदेशमा दोस्रो र राष्ट्रिय स्तरमा ८औं स्थान हासिल गर्दै सुशासनको क्षेत्रमा यो पालिका उत्कृष्ट १० भित्र पर्न सफल भएको छ ।

**माननीय गाँउ सभा सदस्यज्यूहरु,**

अब म आ. व. २०८२/०८३ को विभिन्न विषयगत एवं क्षेत्रगतरुपमा तयार गरिएको नीति तथा कार्यक्रमहरु सभामा प्रस्तुत गर्दछु ।

## कृषि तथा पशुपंक्षी

१. व्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, शीत भण्डार तथा गोदाम घरहरुको पूर्वाधार कार्यलाई क्रमिक रुपमा अगाडि बढाइने छ ।

२. कृषकहरुलाई उत्पादनको आधारमा उपहार दिने कार्यक्रम ल्याइने छ ।

३. कृषकहरुलाई व्यावसायिक तालिम नियमित रुपमा प्रदान गरिनेछ । साथै पशु र कृषिको क्षेत्रमा आइपर्ने समस्याहरुलाई स्थलगत रुपमै प्राविधिक पठाएर समाधान गरिनेछ ।

४. सबै वडाहरुका विभिन्न ठाउँको माटो, विज्ञबाट परीक्षण गराई माटोको अवस्थासँग सुहाउने कृषिबाली लगाउन कृषकहरुलाई सहजीकरण र परामर्श प्रदान गरिनेछ।

५. पशु नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६. १० वर्षे दीर्घकालिन कृषि रणनीतिक योजना तर्जुमा भइसकेको हुँदा यसलाई क्रमशः लागु गर्नको लागि आवश्यक व्यवस्था गरिने छ ।

७. एक वडा, एक उत्पादन तथा एक घर, एक करेसाबारीको नीतिलाई प्राथमिकता दिइनेछ।

८. कृषि खेतिलाई आधुनिकीकरण र उत्पादन लागत कम गर्न आधुनिक कृषि औजार तथा यन्त्र उपकरणको प्रचार प्रसार तथा अनुदानमा वितरण गर्ने व्यवस्था मिलाइने छ।

९. किसान द्वारा उत्पादित खाद्यजन्य वस्तुहरुको सुरक्षित गर्न वडा नं. १ र ६ मा निर्माणाधिन शीत भण्डार लाई कार्यान्वयनमा ल्याउनको लागि आवश्यक नीति निर्माण गरिने छ ।

१०. पशु नश्ल सुधार कार्यक्रम संचालन गरिनेछ।

११. पशुपंक्षी पालन जस्तैः कुखुरा, सुगुर, वंगुर, राँगा, बाख्रा, माछा पालन आदिलाई परिणाममुखी व्यावसायिक र प्रतिस्पर्धी बनाइनेछ।

१२. पशुपंक्षी फर्महरुको पुर्वाधार विकास एवम् सुधार तथा फर्म स्थापना र संचालन गरिनेछ।

१३. कृषि र पशुपालन क्षेत्रमा उत्कृष्ट कृषकहरुलाई प्रोत्साहन गर्न वार्षिक रुपमा सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ।

१४. युवा जनशक्तिलाई प्रविधि, सीप र पुँजी उपलब्ध गराई पशुपालन क्षेत्रमा आकर्षित गर्दै सम्मानित पेशाको रुपमा स्थापित गरिनेछ।

१५. निर्वाहमुखी पशुपालनलाई व्यवसायिक पशुपालनमा रुपान्तरण गरिनेछ।

१६. कृषकहरुले उत्पादन गरेको पशु र पशुजन्य पदार्थ विक्रिवितरण गर्नको लागि पशु संकलन केन्द्र, दुग्ध संकलन केन्द्र र हाटबजार जस्ता आवश्यक पूर्वाधारहरुको क्रमिक रुपमा विकास गरिनेछ।

१७. कृषि र पशु विमा सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिदै लगिनेछ।

१८. स्थानीय सम्भाव्यताको आधारमा उत्पादनशील कृषकहरुको प्राविधिक, व्यवसायिक तथा संस्थागत क्षमता अभिवृद्धिका साथै उनिहरुको अधिकार सुनिश्चित गर्दै श्रमलाई प्रविधि र उत्पादन, उत्पादनलाई बजारसंग जोडेर आर्थिक विकास गरी श्रमको सम्मान कार्यक्रम संचालन गरिने छ।

१९. कृषि सहकारी मार्फत सामूहिक खेती प्रणाली विकास गर्न कृषक सचेतना कार्यक्रम संचालन गरिने छ।

२०. हावा, पानी, माटो सुँहाउदो खेती प्रणालिको विकास गर्नको लागि प्रभावकारी योजना ल्याइने छ।

२१. परम्परागत खेती प्रणालीलाई आधुनिकता संगै व्यवसायिक बनाउन आवश्यक कार्यक्रम संचालन गरिने छ।

२२. कृषि सामाग्री अनुदानमा सरोकारपक्षसँग व्यक्तिगत प्रयोजनमा ५० र सामूहिक प्रयोजनमा २५ प्रतिशत लागत साझेदारीको नीति लाई निरन्तरता प्रदान गरिने छ।

२३) खाद्य तथा पोषण सुरक्षा कार्यक्रमलाई टेवा पुर्याउनका लागी व्यवसायिक फलफुल तथा खाद्यान्न उत्पादनमा जोड दिइनेछ साथै नर्षरी स्थापना तथा व्यवस्थापन कार्यलाई प्राथमिकता दिइनेछ।

२४) उत्पादन तथा उत्पादकत्व वृद्धिका लागी रासायनिक मलको प्रयोगलाई निरुत्साहित गर्दे प्राङ्गिक तथा जैविक मलको प्रयोगलाई प्रभावकारी बनाई अगाडि बढाइनेछ ।

२५) कृषिमा यान्त्रीकरण व्यवसायीकरण,ग्रेडिङ,प्याकेजीङ गर्दै बजारिकरणका लागी कृषि एम्बुलेन्स सन्चालन कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

२६) एकीकृत कृषि तथा पशुपन्छी तत्थाङ्क अद्यावद्यीक कार्यलाई थप प्रभावकारी बनाई सुचिकृत कृषकहरुको परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिईनेछ ।

२७) फलफूल खेतीका सम्भाव्य क्षेत्रहरु पहिचान गरि पकेट कार्यक्रमलाई थप प्रभावकारी बनाई आत्मनिर्भरता तर्फ अघि बढिनेछ ।

२८) रैथाने बाली संरक्षण तथा कृषि जैविक विविधता संरक्षणका लागी लोपउन्मुख तथा परम्परागत रुपमा खेती हुँदै आएका वालीहरु लगाउनको लागि किसानहरुलाई प्रोत्साहन गरिनेछ ।

## पर्यटन

१. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको **पर्यटन गुरुयोजना तर्जुमा** गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

२. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल निर्माण गर्न प्रारम्भ गरिनेछ।

३. विभिन्न पर्यटकीय स्थलको प्रचारप्रसार गर्न सकेसम्म धेरै पर्यटकीय स्थललाई समेटेर फोटो फ्रेम बनाई गाउँपालिकामा आउने पाहुनाहरुलाई उपहार दिइने प्रकृयालाई निरन्तरता प्रदान गरिने छ ।

४. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रोशरहरुको तयारी र वितरण गरिनेछ।

५. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिकामा भगिनी सम्बन्ध विस्तारको लागि पहल गरिने छ ।

६. गाउँपालिका क्षेत्रभित्र विभिन्न ठाउँमा रहेका गुफा, छाँगा, गुराँसे बन, नागी, खर्क र भञ्ज्याङहरु जोडी वृहत् पर्यटन पदमार्ग (Tourism Circuit)निर्माण गरी सोको प्रचारप्रसार गरिनेछ ।

७. हाम्रा प्रकृतिक सम्पदा तथा पर्यटकीय क्षेत्रमा रहेको कला संस्कृतिको संरक्षण गर्दै उक्त क्षेत्रमा आधुनिक कला संस्कृतिको माध्ययमबाट थप शोभायमान बनाउनको लागि आवश्यक कार्यक्रम ल्याइने छ ।

८. पाक्माखाम गढी संरक्षण,गोल्मे नागछाँगा, गंगाखोला,भुल्के सिमसार क्षेत्र, डाग्बुङ पदमार्ग,पखुवा देवीथान, चुलाचुली गुफा, गुप्तेश्वर महादेव, बेहेरेश्वर धाम,हिमाङ देवीथान तथा अन्य मठमन्दिर, गुम्बा, मस्जिद चर्च आदि क्षेत्रको संरक्षण र सम्वर्द्धन गरिनेछ।

९. विभिन्न साकेल/ साकेन्वाहरुको संरक्षण र ती स्थलहरुमा पार्कको स्थापना गरिनेछ।

१०. पर्यटन प्रर्वधन गर्ने उद्देश्यले निर्माणाधिन पार्कहरुलाई निरन्तरता दिदै लगिनेछ।

११. **"हाम्रो माटो, हाम्रो ठाउँ, हामी बनाउछौ नमुना गाउँ"** कार्यक्रम लाई निरन्तर अगाडि बढाउदै एक वडा एक नमुना गाउँ निर्माणको कार्यलाई निरन्तरता दिइने छ ।

१२. यस पालिकाको दिगो विकासमा जोड दिदै पालिकासंग सम्वद्ध विषयमा अध्ययन गर्नुपर्ने विषयको लागि नमूना पर्यापर्यटनको विकासमा अगाडि बढेका स्थानीय तहमा जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अध्ययन अवलोकन भ्रमण कार्यक्रम संचालन गरिने छ ।

१३. आन्तरिक तथा वाह्य पर्यटकहरलाई भित्राउनको लागि यस पालिका भित्र निर्माण भइरहेको मुन्दुम पदमार्ग लाई थप आकर्षित बनाइने छ ।

**सहकारी**

१. सहकारी सम्बन्धी चेतना, सहकारी अभियान, सहकारी संस्थाहरुको स्थापनाका सन्दर्भमा हेर्दा यस गाउँपालिकामा बामे सर्दै गरेको अवस्था छ । यस गाउँपालिकामा

स्थापित सहकारी संस्थाहरुको व्यवस्थित अभिलेखिकरण गरी सहकारीको लागि सहकारी व्यवस्थापन र आधारभूत लेखापालन सम्बन्धी तालिम प्रदान गरिनेछ ।

२. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा बीउपूँजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका आधारमा अनुदान दिने नीति लिइने छ।

३. गाउँपालिकाभित्र स्थापना हुने कृषि समूह, निजी तथा साझेदारी कृषि फर्म र सहकारीहरुको दर्ता तथा कार्यक्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

४. सहकारीहरुको माध्यमबाट उत्पादनशील क्रियाकलापमा संलग्न नागरिकहरुको पुँजी संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

**जलश्रोत तथा सिँचाइ**

१. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिकाभित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको पहिचान, संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

२. जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउने योजना तथा कार्यक्रमको लागि एक टोल एक पोखरीको निर्माण अभियानको प्रारम्भ गरिनेछ।

३) पोखरी संरक्षण, पहिरो तथा गल्छी नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदी नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गरिनेछ

**वन-**

१. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ ।

२. कमजोर भूबनोट, पानीको मुहान र जडिबुटीयुक्त जंगल भएको ठाउँमा भौतिक निर्माण गर्नुपर्दा पर्याप्त अध्ययन गरेर लाभ लागत विश्लेषणपछि उपयुक्त हुने अवस्थामा मात्र काम अगाडि बढाइनेछ ।

३. वन क्षेत्रको दिगो विकासको लागि समुदायिक वन उपभोक्ता समूह मार्फत सचेतनामूलक कार्य ल्याइने छ ।

४. सामुदायिक वनले गरेका वन व्यवस्थापनका प्रयास र सामुदायिक वनले गरेका आम्दानी र खर्चको हिसाबलाई गाउँपालिकामा निरन्तर अभिलेखमा ल्याउदै स्थानीय सरकार र सामुदायिक वन बीचको सहकार्यमा पूर्वाधार निर्माणको काम गरिनेछ ।

**उद्योग तथा वाणिज्य -**

१) स्थानीय तहमा व्यवसायिक वातावरणको विकास गर्न गाउँपालिकाले नीजिक्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागिता रहने गरी एक स्थानीय **आर्थिक विकास सम्वाद मञ्च** गठन गर्नेछ ।

२) गाउँपालिका क्षेत्रमा रहेका होटल, पसल, आवधिक रुपमा लाग्ने हाटबजारलाई व्यवस्थित गरी करको दायरामा ल्याइनेछ र व्यापारिक फर्महरुको अनिवार्य रुपमा कार्यालयमा दर्ता गर्ने व्यवस्था मिलाइनेछ ।

३) अन्य नियामक निकायहरुको सहयोग र समन्वयमा बजार अनुगमनलाई नियमित गरिनेछ ।

४) हस्तकला सम्बन्धी ढाका बुनाई, चोयाको डोका, नाम्लो, डालो तथा अन्य वस्तुहरु उत्पादनमा जोड दिइनेछ

५) उद्योग व्यवसाय दर्ता, नवीकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

६) महिला उद्यमशीलता विकासका लागि महिलाद्धारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरी घरैमा बसेर सञ्चालन गर्न सकिने सानासाना उद्योगलाई प्राथमिकता दिइनेछ ।

७) साना उद्योगको स्थापना रोजगारीको सिर्जना कार्यक्रमको शुरुवाती गरिने छ ।

**शिक्षा-**

१. शिक्षासम्बन्धी कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको शैक्षिक गुणस्तरलाई प्रवर्द्धन गर्नको लागि तीन तीन महिनामा शिक्षक,अभिवाक र विद्यार्थि बीच छलफल कार्यको थालनि गरिने छ।

२. गाउँपालिकाको **स्थानीय पाठ्यक्रम** तर्जुमा गरी क्रमिक रुपमा लागु गरिनेछ।

३. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभूत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको शैक्षिक क्षमता विकासको लागि तालिम, अवलोकन भ्रमण, अनुभव आदानप्रदान जस्ता कृयाकलापमा बजेट विनियोजन गरिनेछ।

४. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

५. गाउँ शिक्षा समितिको सिफारिसमा दरबन्दी मिलान गरिसकेपछि पनि शिक्षक संख्या कम देखिएका विद्यालयमा मात्र प्रतिस्पर्धाको आधारमा स्वयंसेवक शिक्षक नियुक्त गरी राजस्व बाँडफाँड र आन्तरिक आम्दानीको रकमबाट उनीहरुलाई पारिश्रमिक भुक्तानी गर्ने नीति लिइनेछ।

६. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

७. सबै विद्यालयहरुमा क्रमिक रुपमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

८. गाउँपालिकाभरका शिक्षकहरुमध्ये उत्कृष्ट शिक्षकलाई प्रोत्साहन गरिनेछ।

९. सरकारी स्रोतबाट कुनै पनि लाभ नलिएका नेपालको विश्वविद्यालयबाट P.H.D गर्न चाहने यस गाउँपालिका भित्र वसोवास गर्ने विद्यार्थिको लागि कलेज शुल्कको व्यवस्था मिलाइने छ।

१०. यस पालिका निवासी सरकारी स्रोतबाट कुनै पनि लाभ नलिएका भोजपुर बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थिहरुको लागि स्नातक तथा स्नातकोत्तर अध्ययन

गर्दा लागेको मासिक शिक्षण शुल्क गाउँपालिकाले व्यहोर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ।

११. माध्यमिक शिक्षा परीक्षा (एस्.ई.ई) मा राम्रो नतिजा ल्याउने १ वटा सामुदायिक विद्यालयलाई राष्ट्रिय मापदण्डका आधारमा पुरस्कृत गरिनेछ, SEE मा गाउँपालिका भित्र प्रथम हुने एक छात्र र एक छात्रा तथा उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षकलाई उचित सम्मान तथा पुरस्कारको व्यवस्था मिलाइने छ।

१२. बान्तवा भाषाको भाषिक संघ संस्थाहरु र विज्ञहरुको सहयोगमा पाठ्यक्रम तयार गरी तोकिएका विद्यालयका प्राथमिक तहमा पठनपाठन गर्ने व्यवस्थालाई निरन्तरता दिइने छ।

१३. प्रविधि मैत्री शिक्षक एवं विद्यार्थी तथा विद्यालय शैक्षिक सुधार कार्यक्रम लाई अगाडि बढाउनको लागि माध्यमिक तहमा स्मार्ट बोर्डको व्यवस्थापनमा बजेटको सुनिश्चितता गर्दै लगिने छ।

१४. कक्षा ५ र ८ को वार्षिक परीक्षा पालिका स्तरीय रुपमा संचालन गरिने छ।

१५. आवश्यकता अनुसार विद्यालय मर्च गरी केही विद्यालयमा नमुना अभ्यासको रुपमा अंग्रेजी भाषाबाट शिक्षण गर्ने गराउने व्यवस्थाको शुरुवात गरिने छ।

१६. स्वयंसेवक शिक्षक, बालविकास सहजकर्ता, लेखाको कर्मचारी तथा कार्यालय सहयोगीहरुको हाल भइरहेको तलव भत्तामा वृद्धि गरिने छ।

१७. नमुना आवासीय विद्यालय निर्माणको लागि विज्ञहरुसंगको परामर्शमा अध्ययन गरिने छ।

१८. कमजोर आर्थिक अवस्था भएका व्यवसायिक तथा प्राविधिक शिक्षा अध्ययन गर्न चाहने विद्यार्थिको लागि छात्रवृति कार्यक्रमलाई निरन्तरता दिइने छ।

१९. एक विद्यालय एक पुस्तकालय निर्माणको लागि आवश्यक व्यवस्था मिलाइने छ।

२०. प्रविधिमैत्री विद्यालय निर्माणको लागि शिक्षकहरुलाई आधारभूत कम्प्यूटर ज्ञानको प्रवर्द्धन गरिने छ।

२१. प्रधानाध्यापकहरुको लागि हाल भइरहेको प्र.अ. भत्तामा ३ गुणा वृद्धि गर्नको लागि बजेटको सुनिश्चित्ता गरिने छ।

२२. विद्यालयमा स्यानिटरी प्याड व्यवस्थापन गर्न भेन्डर मेशिन जडान गरी प्रयोगलाई सरलिकृत बनाइने छ ।

**युवा तथा खेलकुद**

१. वैदेशिक रोजगारबाट फर्किएका युवाहरुको ज्ञान सीप अनुभव र दक्षतालाई अधिकतम सदुपयोग गर्नको लागि आवश्यक व्यवस्था मिलाइने छ ।

२. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

३. विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो व्यवस्थापन गर्दै जाने नीति लिइनेछ।

४. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई **"विदेश हैन बिजनेस"** भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

५. प्रत्येक वडामा एक- एक ठाउँमा खुला व्यायामशाला क्रमिक रुपमा स्थापना गरिनेछ ।

६. विपन्न र गरिब परिवारका युवाहरुलाई इलेक्ट्रोनिक सामग्री मर्मत, सिकर्मी/डकर्मी तालिम, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, व्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

**लैङ्गिक समानता र सामाजिक समावेशीकरण**

१. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील तथा रोजगारी र आम्दानी वृद्धि गर्ने गराउने खालका कार्यक्रमहरु संचालन गरिनेछ।

२. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यावसायिक उद्यमको रुपमा विकास गर्न चाहेमा साझेदारीमा पूँजी लगानी सहयोग गरिनेछ भने आरनको काम गर्ने विश्वकर्मा दलित समुदायको लागि आरनसंग सम्बन्धित काममा शत प्रतिशत अनुदानको व्यवस्था मिलाइने छ ।

३. जातीय भेदभाव तथा छुवाछुत मूक्त पालिका निर्माण गर्दै जातीय भेदभावको पूर्ण बन्देज नीति अवलम्बन गरिने छ

४. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराई परिचालन गरिनेछ।

५. अपाङ्गता भएका व्यक्तिको जीविकोपार्जनका लागि आवस्यक व्यवस्था गरिनेछ।

६. ज्येष्ठ नागरिक परिचयपत्र र सामाजिक सुरक्षा भत्ता वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ।

७. ८० वर्ष भन्दा माथिको ज्येष्ठ नागरिकहरुको लागि घरदैलोमै प्रथमिक स्वास्थ्य चेकजाचँ तथा स्वास्थ्योपचारको व्यवस्था मिलाईनेछ।

८. **"हिंसा मुक्त गाउँपालिका, हाम्रो पहिचान"** अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलताको नीति लिइनेछ। पारिवारिक हिंसाद्बारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

९. गर्भवती महिलाहरुको लागि **आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम**लाई निरन्तरता दिइनेछ।

१०. बालमैत्री स्थानीय शासनको लागि आवश्यक नीति लिइने छ।

११. बालविकास केन्द्रहरुको स्तरोन्नति गरिनेछ।

१६)अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा समाजिक सशक्तिकरण गर्दै सम्मानपूर्ण जीवनयापनको वातवरण सुनिश्चत गरिने छ।

१७)भौतिक संरचना, यातायात सेवा, सुविधा, साधन श्रोत र सूचना प्रविधिलाई पहुँचयुक्त बनाई अपाङ्गता भएका व्यक्तिहरुलाई समुदाय वा समाजमा प्रभावकारी रुपमा समावेशीकरण गरिने छ।

१८) स्वरोजगार, उद्यमशीलता र परिवार सहायताको एकीकृत कार्यक्रमका माध्यमवाट अपाङ्गता भएका व्यक्तिको आर्थिक सशक्तिकरण गरी आत्मनिर्भर बनाउन नीतिगत व्यावस्था गरिने छ।

१९) अपाङ्गता भएका व्यक्तिप्रतिको हानिकारक अभ्यास, अन्धविश्वास, अन्नाय र शोषणको न्यूनिकरण गरी समतामूलक समाज निर्माण गर्नको लागि आवश्यक व्यवस्थापन गरिने छ।।

२०) अपाङ्गता भएका व्यक्तिको लागि सबै प्रकारका सेवा सुबिधा सहितको आवासीय एवं अल्पकालीन पुनस्थापना र स्वास्थ्य उपचार लगायतका आवश्यक्ता अनुसारको सहायक सामग्रीको व्यवस्थापन गरिने छ।

२१) अपाङ्गता भएका व्यक्तिहरुलाई हरेक सार्वजिनक समितिहरुमा समावेश गर्नको लागि आवश्यक व्यवस्था मिलाइने छ।,

२२) वाल विकास केन्द्रहरुमा अपाङ्गतामैत्री खेल तथा मनोरञ्जनका सामाग्रीको व्यवस्था गरिने छ।

२३) अपाङ्गता भएका व्यक्तिहरुलाई सीपमा आधारित जीविको पार्जनका लागि वीउँपुजीको परिचालन गरिने छ।

**स्वास्थ्य**

१)यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा कार्यरत जनशक्तिहरुको क्षमता अभिवृद्धि गर्दै लैजाने साथै आवश्यक्ता अनुसार दक्ष जनशक्तिहरुको संख्या वृद्धि गर्दै लगिने छ।

२)स्वास्थ्य चौकीहरु तथा बर्थिङ्ग सेन्टरहरुमा आवश्यक पर्ने औषधी तथा उपकरणहरुको अधिकतम व्यवस्था गरि नियमित गुणस्तरीय सेवा प्रदान गर्ने व्यवस्ता मिलाइने छ।

३) यस गाउँपालिकाका प्रत्येक वडाहरुमा विशेषज्ञ डाक्टरहरुको सेवा पुर्याउन विशेषज्ञ डाक्टरहरुको टोली सहितको स्वास्थ्य शिविर आयोजना गरि जनताको घरदैलो मै सेवा पुर्याउने कामको थालनि गरिने छ।

४) यस गाउँपालिकामा नियमित विशेषज्ञ डाक्टरहरुको सेवा उपलब्ध गराउन धरान स्थित वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान संग समन्वय गरि टेलि-मेडिसिन कार्यक्रमको सुरुवातगरिने छ।

५) पूर्ण खोप सुनिश्चित कार्यक्रमलाई जोड दिंदै जन्मदर्ता गर्दा तथा विद्यालयमा भर्ना हुँदा खोप कार्डलाई अनिवार्य गर्ने नीति लिइने छ।

६)यस गाउँपालिका भित्रका गर्भवती तथा सुत्केरी महिलाहरुको पोषण अवस्था सुधार गर्न यस गाउँपालिका भित्र स्थायी बसोबास गरि स्वास्थ्य संस्थामा जाँच गराउने महिलाहरुलाई पोषण भत्ता उपलब्ध गराइने छ।

७)यस गाउँपालिकामा १० शैयाको आधारभूत अस्पताल निर्माण गर्ने प्रक्रियालाई यसै वर्षबाट शुरुवात गरिने छ।

८)बर्थिंङ्ग सेन्टरहरुबाट जटिल प्रकृतिका गर्भवती तथा सुत्केरीहरुलाई प्रेषण गर्दा लाग्ने एम्बुलेन्स खर्च निशुल्क गरिने छ।

९)नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र परामर्श सेवाको प्रबन्ध मिलाइने छ।

१०) गम्भिर प्रकृतिको रोगका लागि दिइदै आएको आर्थिक सहयोगमा वृद्धि गर्नको लागि बजेटको सुनिश्चितता गरिने छ।

११) सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।

१२)बर्थिङ्ग सेन्टर र स्वास्थ्य चौकीहरुले दिने सेवाको क्रमिक रुपमा स्तरोन्नति गरिनेछ।

१३) प्रत्यक स्वास्थ्य चौकीमा अक्सिजन कन्सन्ट्रेटरको व्यवस्थाको सुनिश्चित गरिने छ।

१४) आर्थिक रुपमा अति विपन्न गाउँपालिकाबासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।

१५) अर्गानिक खेतीको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ। अर्गानिक खेतीलाई प्रोत्साहन गरिनेछ।

१६) महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ। उनीहरुको लागि गाउँपालिकाले थप गरेको सेवासुविधालाई निरन्तरता दिइनेछ।

१७) स्वास्थ चौकीहरुमा आधुनिक ल्याव सेवा सञ्चालनका लागि विशेष व्यवस्था गरिनेछ।

१८) समुदायमा आधारित स्वास्थ्य वीमा कार्यक्रम यस गाउँपालिकाका सबै वडामा पुऱ्याउने नीति अवलम्बन गरिनेछ।

१९) सूर्तीजन्य पदार्थमा नियन्त्रण गर्नुका साथै घरेलु मदिरा उत्पादन र बिक्री वितरणलाई नियमानुसार संचालन गर्ने व्यवस्थाको थालनी गरिनेछ।

२०) विद्यालयमा खाजाको रुपमा जङ्क फुडलाई पूर्ण रुपमा नियन्त्रण गरी स्थानीय उत्पादनबाट निर्मित खाजाको व्यवस्थापन गरिने छ।

२१) स्थानीय सरकारबाट संचालित कार्यक्रमहरुमा कोक, फ्यान्टा र ड्यूजस्ता हानिकारक हलुका पेय पदार्थहरुको प्रयोग पूर्ण रुपमा बन्देज गरिने कार्यक्रमलाई निरन्तरता प्रदान गरिने छ।

२२) राम मिथिला बहुप्राविधिक शिक्षालयमा एक स्वास्थ्यकर्मीको व्यवस्था मिलाइने छ।

## खानेपानी तथा सरसफाइ

१. खानेपानीको जटिलतम समस्यामा रहेको वडा नं. ५ मानेभन्ज्याङमा तत्कालिन, अल्पकालिन र दीर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरुको खोजी तथा योजना तयार गरी खानेपानीको उचित व्यवस्थापन तथा वितरणको व्यवस्था मिलाइनेछ।

२. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियालीयुक्त, सुन्दर र सफा राख्ने कार्य गरिनेछ।

३. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

४. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।

५. गाउँपालिकाभित्र खानेपानीको समस्या दीर्घकालिन रुपमा समाधान गर्न गोर्खा वेलफेयर ट्रष्टलगायत अन्य विकास साझेदारको आर्थिक सहयोगमा व्यवस्थापन गर्ने कोशिस गरिनेछ।

६) स्वच्छ एवम् गुणस्तरीय खानेपानीको आपूर्तिलाई व्यवस्थित गर्न पुराना खानेपानी योजनाहरुको दिगो संरक्षण, मुहानको खोजी गरी सो को संरक्षण, सार्वजनिक स्थानमा धारा जडान गरी पर्याप्त खानेपानीको आपुर्तिको व्यवस्था मिलाइनेछ।

७) खानेपानी विस्तृत परियोजना प्रतिवेदन बनाई समग्र गाउँपालिका बासीहरुको घर घरमा खानेपानी पुऱ्याउने तथा हाल संचालित तथा बन्दै गरेका खानेपानी आयोजनाहरुलाई थप बजेट गरी व्यवस्थित गरिनेछ।

८. बजार क्षेत्रभित्र फोहोर तथा अव्यवस्थित कार्य गर्ने जो कोहीलाई दण्ड तथा जरिवानाको दायराभित्र ल्याइनेछ।

९) **"आफ्नो ठाउँ आफै सफा गरौं"** अभियान सञ्चालन गरी गाउँपालिका भित्रको सबै टोल, बस्तिहरु सुन्दर र सफा राखिनेछ।

१०) **स्वच्छ खानेपानी स्वस्थ जिन्दगानी** कार्यक्रम अन्तरगत एक घर एक धारा र एक घर एक स्वस्थकर चर्पीको नीति लिईनेछ।

११) नियमित सरसफाई गर्ने तथा मध्यपान धुम्रपान पूर्ण रुपमा नगर्ने घरको सर्वेक्षण गरी उचित पुरस्कारको व्यवस्था गर्ने कामलाई निरन्तरता दिइने छ ।

## भाषा तथा संस्कृति

१. विभिन्न जातजाति तथा आदिवासीहरुको मौलिक र परम्परागत चाड, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गर्दै रैथाने कला साहित्यको संरक्षण गर्ने नीति लिइने छ ।
२. गाउँपालिकाभित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला, साहित्य, संगीत लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।
३. किराँती भाषाको बढी प्रचलन भएको यस पालिकामा उक्त भाषाको इतिहास अध्ययन र विकासका लागि आवश्यक कार्यक्रम संचालन गरिने छ ।

४) समाजमा ज्ञानको स्रोतको रुपमा रहेका व्यक्तिहरु जस्तै (विजुवा,धामी, जोगी,वैद्य,लामा) हरुलाई समय सापक्ष बनाउनको लागि विज्ञानसंग जोड्दै आवश्यक तालिमको व्यवस्था मिलाइने छ ।

५) अतिथिहरुको लागि स्वागत सम्मानमा गरिने खर्चमा रोक लगाउदै उक्त रकमबाट **सरकार आउ आमा बचाउ** कार्यक्रम संचालन गरिने छ ।

## भौतिक पूर्वाधार विकाससम्बन्धी नीति तथा कार्यक्रम

१. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी **"आयोजना बैंक"** तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

२. दीर्घकालिन लगानी मार्गदर्शनका लागि तयार गरिएको **गाउँपालिकाको सडक गुरुयोजना** कार्यान्वयनमा ल्याइनेछ।

३. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केही ठूला आयोजनाहरु पहिचान गरी **गाउँपालिकाको गौरवको आयोजना**का रुपमा कार्यान्वयन गरिनेछ र त्यस्तो आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

४) नयाँ बाटोको ट्र्याक खोल्ने गरी बजेट विनियोजन गर्नुपर्ने अवस्था आएको खण्डमा कार्यपालिकाबाट अध्ययन समिति गठन गरी प्राप्त प्रतिवेदन अनुसार अगाडि बढ्ने नीति लिइने छ ।

५) हाल सञ्चालनमा रहेका सडकहरुलाई सबै मौसममा सञ्चालन हुने गरी मर्मत सम्भार (मेशिनरी वाल निर्माण, जालीमा ढुंगा भर्ने, सोलिङ, ढलान आदि) को लागि बजेट को सुनिश्चितता गरिने छ ।

६) कार्यालयले आफ्नै ब्याक हो लोडर मेशिनको व्यवस्था गरिसकेको हुँदा सडक मर्मत तथा सफाइ गर्नको लागि ब्याक हो लोडर मेशिनको प्रयोग गर्दै आवश्यक परेमा स-सानो सरसफाइको लागि मूख्य सडकमा सडक हेरालुको व्यवस्था गरिनेछ ।

७) गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ।

८) **"एक वडा - एक पार्क"** निर्माण नीतिलाई निरन्तरता दिइनेछ।

९) यस पालिकाको गौरवको रुपमा रहेको निर्माणाधिन पाहुना घर तथा सहिद पार्कलाई यस वर्षबाट कार्यान्वयनमा ल्याउनको लागि नीतिगत व्यवस्था संगै बजेटको सुनिश्चितता गरिने छ।

१०) संघीय र प्रादेशिक सरकारका योजना तथा कार्यक्रमहरु गाउँपालिकाको जानकारी र समन्वय विना सञ्चालन हुने गरेको हुनाले हालको जस्तो अव्यवस्थाको अन्त्यका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ।

११) **हाम्रो रहर उज्यालो घर** अन्तर्गत यसै वर्ष सबै घरपरिवारमा विद्युत विस्तारको काम पूरा गरिने छ।

## सूचना तथा संचार

१. संचार संस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।

२. नेपाल टेलिभिजनसँगको सहकार्यमा सञ्चालित "हाम्रो गाउँपालिका" टेलिभिजन प्रसारण कार्यक्रम सञ्चालन गरिनेछ।

३. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

४. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाइनेछ।

५. स्वच्छता,पारदर्शिता,निश्पक्षता र जबाफदेहिता बनाउन वडा वडाबाट गरिदै आएको सार्वजनिक सुनुवाई कार्यक्रमलाई सबै वडामा पुर्याउनको लागि आवश्यक व्यवस्था मिलाइने छ।

६. जनताको घरघरमा फाइवर इन्टरेटको व्यवस्था गर्नको लागि आवश्यक व्यवस्थाको थालनी गरिने छ।

७. पालिका तथा मातहतका कार्यालयमा ई हाजिरीको व्यवस्ता पूर्ण रुपमा लागु गरिने छ।

८. हरेक वडा कार्यालयमा फ्रि वाइफाइको व्यवस्था गर्नको लागि पहल गरिने छ ।
९. हरेक वडा तथा विद्यालयमा आइ पी टेलिफोनको सेवा पुर्याइ पालिकाभर निशुल्क टेलिफोन गर्न सकिने व्यवस्थाको थालनि गरिने छ ।

**ऊर्जा**

१. सबै वडाहरुमा केन्द्रीय विद्युत प्रसारण ग्रिडबाट विद्युत आपूर्तिको व्यवस्था गरी विद्युत सेवा सुविधालाई भरपर्दो र नियमित बनाइनेछ।
२. घरघरमा सुधारिएको चुल्हो तथा बायोग्याँस प्रयोगलाई प्राथमिकता दिई दाउरा बाल्ने अभ्यासलाई न्यूनीकरण गरिनेछ।
३. विद्युत नपुगेको वडा तथा टोलमा रीपलगायतसँगको सहकार्यमा सोलार वितरण कार्यलाई थप व्यवस्थित बनाउँदै निरन्तरता दिईने छ ।

**न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम**

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शिघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।
२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरुसंगै न्याय सम्पादनमा उत्कृष्ट रहेका पालिकाहरुमा अध्ययनको लागि भ्रमण कार्यक्रम संचालन गरिनेछ।
३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी **स्थानीय कानून संग्रह प्रकाशन** गरिनेछ।
४. वडाहरुमा रहेका मेलमिलाप केन्द्रका मेलमिलापकर्ताहरुको क्षमता विकासका लागि विभिन्न कार्यक्रम गरिनेछ
५. समतामूलक एवं समृद्ध समाजको परिकल्पनाको साथ सभ्यसमाज निर्माणको लागि अगाडि बढेको न्यायिक समितिलाई आगामी दिनमा थप सचेतनामूलक कार्यक्रम प्रस्तुत गर्नको लागि आवश्यक व्यवस्था मिलाइने छ ।

**सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम**

१. गाउँपालिकाभित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यावसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी **विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार** गर्ने कार्यको थालनी गरिने छ।

२. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सोको सम्बोधन गर्ने गरी नागरिक गुनासो व्यवस्थापन प्रणाली तयार गरी लागु गरिनेछ।

३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाइका साथ असुल उपर एवम् फछ्यौंट गर्ने कार्य अगाडि बढाईनेछ

४. गाउँपालिका कार्यालयको मानव संसाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ।

५. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाइनेछ।

६. भ्रष्टाचारमुक्त पालिका अभियान अन्तर्गत भ्रष्टाचार हाम्रो शत्रु हो भ्रष्टाचार गर्नु अपराध हो भन्ने मान्यतालाई स्थापित गर्नको लागि जनचेतनामूलक कार्यक्रमको संचालन गरिने छ।

७. कर्मचारीहरुलाई संधै एक ठाउँमा मात्र बसेर काम गर्नुपर्दा हिनताबोध उत्पन्न भइ कमजोर सेवाप्रवाह हुनसक्ने परिस्थितिलाई मध्यनजर गरी कर्मचारीहरुको मनोवल उच्च राख्नको लागि कम्तिमा २ वर्षसम्म एउटै वडामा कार्यरत कर्मचारीहरुलाई आवश्यकताको आधारमा पालिका केन्द्र वा अर्को वडामा कामकाजमा खटाउने व्यवस्था मिलाइने छ।

८. प्रशासनिक संयन्त्रको उत्प्रेरणाको लागि संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपूरकका रुपमा कर्मचारीहरुको मनोबल उच्च राख्न

प्रोत्साहन भत्ता, खाजा भत्ता, पर्यटन भ्रमण काज जस्ता अन्य सुविधाहरु कार्यविवरण, कार्यसम्पादन, आवस्यकता र उपलब्धता अनुसार प्रदान गर्ने नीति लिइनेछ।

९. गाउँपालिका तथा मातहतका कार्यालयको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन आवस्यक ठाउँमा क्रमिक रुपमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ ।

१०. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखी तुल्याउन **मध्यमकालिन खर्च संरचना (MTEF)** पद्धति तयार गरिसकेको हुँदा उक्त नीतिगत दस्तावेजलाई प्रयोगमा ल्याइने छ।

११. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर तह समन्वय तथा सहकार्यको नीति तर्जुमा गरिनेछ।

१२. कर्मचारी तथा जनप्रतिनिधिहरुलाई निजी मोटरबाइक चलाउनको लागि प्रोत्साहित गर्दै कार्यालयको स्वामित्वमा रहेका मोटरबाइक संचालन गरेको अवस्थामा मोटरबाइकको अवस्था हेरी मर्मत खर्च बापत वार्षिक बजेट सीमा निर्धारण गर्ने, तोकिएको बजेट सीमा भन्दा माथि लागेको खर्च सम्बन्धित पक्षलेनै व्यहोर्नु पर्ने जसबाट आर्थिक मितव्ययिता रही सुशासन कायम गर्न मद्दत मिल्ने आशा राखेको छु ।

१३. **स्थानीय सरकारसंग जनता के भन्न चाहान्छन ?** भन्ने कार्यक्रम टोल टोलमा संचालन गरिने छ।

१४. स्थानीय सरकारको आयोजनामा संचालित योजना/ कार्यक्रमहरुको संझौता तथा निकासा प्रक्रियालाई वडातहबाटै कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइने छ ।

१५. संस्थागत र मानव स्रोत विकास क्षमताको लागि चालु आ.व. मा तयार भएको तिन वर्षे क्षमता विकास योजना (CD Plan) अन्तर्गत पहिलो वर्षको कार्यक्रमहरु संचालनको व्यवस्था मिलाइने छ

१६) **जनता र जनप्रतिनिधिको एकता भ्रष्टचारमा शुन्यता** नीति अवलम्बन गरिने छ

**जलवायु परिवर्तन अनुकूलन/न्यूनिकरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम**

१. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि **प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA)** गरिनेछ।

२. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद् पूर्व तयारी, विपद् न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।

३. ढुंगा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

४. भूकम्पीय जोखिम न्यूनिकरणको लागि भूकम्प प्रतिरोधी भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

५. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

६) संवेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ।

७) नेपाल जलवायु नमुना कार्यक्रमबापत प्राप्त बजेटलाई स्थानीय अनुकूलन कार्ययोजना अनुसार सञ्चालन गरिने छ।

## राजस्व तथा आन्तरिक श्रोत परिचालन

१) आन्तरिक राजश्व वृद्धिका लागि गाउँपालिकाको **राजस्व सुधार योजना** लाई कार्यान्वयनमा ल्याइने

१. करको दर सम्भव भएसम्म न्यून गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ।

२. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु जस्तै सामुदायिक वनको आम्दानी, ढुंगा/बालुवा ठेक्का, सार्वजनिक यातायात, गोलिया काठ निकासी तथा निकासीको लागि प्रयोग भएका हेभी

गाडीका कारण बिग्रिएको सडक मर्मतको लागि पूर्वाधार विकास शुल्क जस्ता क्षेत्रको पहिचान गरी सो क्षेत्रबाट कर संकलन गरिनेछ।

३. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाई त्यस्तो क्षेत्रलाई आन्तरिक आम्दानीको प्रमुख श्रोतको रुपमा प्रयोगमा ल्याइनेछ।

४. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

**अन्त्यमाः-**

नीति तथा कार्यक्रम तयार गर्ने क्रममा प्रत्यक्ष–अप्रत्यक्षरुपमा सल्लाह सुझाव प्रदान गरी सहयोग पुऱ्यउनु हुने सम्पूर्ण जनप्रतिनिधि साथीहरु, स्थानीय राजनीतिक दलको प्रतिनिधिज्यूहरु, राष्ट्र सेवक कर्मचारी तथा शिक्षकज्यूहरु, किसान, उद्योगी व्यवसायी, टोलविकास तथा सहकारी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी लगायत आम गाउँपालिकाबासी सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। रामप्रसादराई गाउँपालिकाको विकासमा निरन्तर सहयोग पुर्याउदै आएका सम्पूर्ण विकास साझेदारहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दै यो नीति तथा कार्यक्रम संगै आउने बजेटको सही कार्यान्वय भएमा मात्र पालिकाले सार्थकता पाउँछ भन्नेमा म विश्वस्त रहेको छु, त्यसैले यस नीति तथा कार्यक्रमलाई सफल बनाउने हाम्रो प्रयासमा तपाईँहरुको पनि निरन्तर साथ रहने विश्वास व्यक्त गर्दछु।

**धन्यवाद्।**

रामप्रसादराई गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, भोजपुर
विनयोजन विधेयक

रामप्रसादराई गाउँपालिका, भोजपुर को आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०८२/०३/१०

**प्रस्तावना:** रामप्रसादराई गाउँपालिका, भोजपुर २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२) र गाउँ सभा र नगर सभा संचालन कार्यविधि ऐन, २०७५ को दफा ३३ बमोजिम रामप्रसादराई गाउँपालिका, भोजपुरको गाउँ सभाले यो ऐन बनाएको छ।

**संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "रामप्रसादराई गाउँपालिका, भोजपुरको विनियोजन ऐन," रहेको छ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**आर्थिक वर्ष २०८२/०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** (१) आर्थिक वर्ष २०८२/०८३ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पुँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ४६,८१,९४,४०७।- (अक्षेरुपी रुपैयाँ छयालिस करोड एकासी लाख चौरानब्बे हजार चार सय सात मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिनेछ।

**विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त रामप्रसादराई गाउँपालिका, भोजपुरको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नहुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ

। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजीगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम
ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

# रामप्रसादराई गाउँपालिका

## बैकुण्ठे, भोजपुर

# आर्थिक विधेयक,२०८२

आ.व. २०८२।०८३

रामप्रसादराई गाउँपालिका

# रामप्रसादराई गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

सभामा पेश भएको मिति:-२०८२।०३।१०
स्वीकृत मिति:- २०८२।०३।१०

**प्रस्तावना**: रामप्रसादराई गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२) र गाउँ सभा र नगर सभा संचालन कार्यविधि ऐन, २०७५ को दफा ३३ बमोजिम रामप्रसादराई गाउँपालिकाको गाउँ सभाको १७ औ अधिवेशन समक्ष यो विधेयक पेश गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**: (१) यस विधेयकको नाम "आर्थिक विधेयक, २०८२" रहेको छ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि रामप्रसादराई गाउँपालिकाको क्षेत्रभित्र लागू हुनेछ।

**२. सम्पत्ति कर**: गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ। सम्पत्ति कर आ.व. २०८२।०८३ देखि मात्र लागू गरिनेछ।

**३. भूमि कर (मालपोत)**: गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

**४. घर बहाल कर**: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ।

**५. व्यावसाय कर**: गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यावसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि (४) बमोजिम व्यावसाय कर लगाइने र असुल उपर गरिनेछ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु कर**: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यावसायिक कारोबार गरेबापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ।

**<u>७. सवारी साधन कर</u>:** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**<u>८. विज्ञापन कर</u>:** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**<u>९. मनोरन्जन कर</u>:** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यावसाय सेवामा अनुसूचि (८) बमोजिम व्यावसाय कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**<u>१०. बहाल बिटौरी शुल्क</u>:** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**<u>११. पार्किङ शुल्क</u>:** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**<u>१२. सेवा शुल्क, दस्तुर</u>:** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**<u>१३. कर छुट</u>:** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

**<u>१४. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि</u>:** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

अनुसूचि–१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२८ (२) बमोजिम
एकीकृत सम्पत्ति करका दर

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | एकीकृत सम्पति कर मूल्याकंन रकम रु. | रु १ देखि १० लाख सम्म | | |

अनुसूचि–२
(दफा ३ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२८ (२) बमोजिम
भूमि कर (मालपोत)

| | | | | |
|---|---|---|---|---|
| | | पाखो बारी | | |
| २ | मालपोत/भूमिकर | अब्बल (प्रतिरोपनी रु ) | १४।०० | |
| | | दोयम (प्रतिरोपनी रु ) | १२।०० | |
| | | सिम ( प्रतिरोपनी रु ) | १०।०० | |
| | | चाहार (प्रतिरोपनी रु ) | ८।०० | |
| | | पाँचौ (प्रतिरोपनी रु.) | १०।०० | |
| | | खेत | | |
| | | अब्बल (प्रतिरोपनी रु ) | १६।०० | |
| | | दोयम (प्रतिरोपनी रु ) | १४।०० | |
| | | सिम (प्रतिरोपनी रु ) | १२।०० | |
| | | चाहार (प्रतिरोपनी रु ) | १०।०० | |

नोटः २ वर्षभन्दा लामो समयसम्म कर नबुझाउनेलाई जम्मा कर रकममा २५%, ५ वर्षभन्दा बढी समय नबुझाउनेलाई ३५% र ८ वर्षभन्दा लामो समय कर नबुझाउनेलाई ५०% थप जरिवाना लाग्नेछ । तर आ.व.०७४।७५ भन्दा अगाडिको मालपोत रकम र जरिवाना साबिककै नियम र दररेट अनुसार हुने छ।

अनुसूचि–३
(दफा ४ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२८ (२) बमोजिम
घर वहाल कर

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | घर बहाल कर | कोठा वा घरभाडाको | १० प्रतिशत | |

**घरजग्गा बहाल कर (१०प्रतिशत)**

घर, जग्गा, गोदाम, टहरा, कम्पाउण्ड आदि बहालमा लिंदा दिंदा सम्झौता रकमको १० प्रतिशत बहाल कर असुलउपर गरिने छ। बहाल कर भन्नाले कुनै पनि सरकारी, गैरसरकारी निकाय, संघ संस्था, सर्वसाधारण व्यक्तिले सरकारी निजी घर, टहरा, गोदाम, जग्गा, कम्पाउण्ड आदि भाडामा लिना दिना गर्दा सम्झौता भएको रकममा लाग्ने कर भन्ने बुझिन्छ । उक्त कर घर वा जग्गा भाडामा लगाउने व्यक्ति वा संस्थाले भुक्तानी गर्नु पर्नेछ ।

अनुसूचि–४
(दफा ५ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२८ (२) बमोजिम
व्यावसाय कर

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | मदिरा पसल | वितरक | ३,०००।०० | |
| | | थोक | २,०००।०० | |
| | | खुद्रा | १,०००।०० | |
| २ | चुरोट, बिंडी, सुर्तीजन्य | वितरक | २,०००।०० | |
| | | थोक | १,५००।०० | |
| | | खुद्रा | १,०००।०० | |
| ३ | हल्का पेय पदार्थ | वितरक | १,५००।०० | |
| | | थोक | १,०००।०० | |
| | | खुद्रा | ५००।०० | |
| ४ | सुनचाँदी पसल | थोक | १,५००।०० | |
| | | खुद्रा पसल र मर्मत | १,०००।०० | |
| ५ | औषधि पसल | थोक | ३,०००।०० | |
| | | खुद्रा (डाक्टर भएको) | २,०००।०० | |
| | | खुद्रा (डाक्टर नभएको) | १,५००।०० | |
| ६ | माछामासु बिक्री पसल | | १,०००।०० | |
| ७ | आयुर्वेदिक औषधि पसल | | ५००।०० | |
| ८ | एग्रोभेट पसल | थोक | २,०००।०० | |
| | | खुद्रा | १,०००।०० | |
| ९ | स्टेशनरी तथा पुस्तक पसल | थोक | १,५००।०० | |
| | | खुद्रा | १,०००।०० | |
| १० | छपाइ तथा प्रकाशन | अफसेट प्रेस | २,०००।०० | |
| | | साधारण प्रेस | १,०००।०० | |
| ११ | कस्मेटिक पसल | | १,५००।०० | |
| १२ | प्लाइ तथा ग्लास | थोक | २,५००।०० | |
| | | खुद्रा | १,५००।०० | |
| १३ | कपडा/फेन्सी/जुत्ताचप्पल/ ब्याग पसल | थोक | १,५००।०० | |
| | | खुद्रा | १,०००।०० | |
| १४ | इलेक्ट्रोनिक पसल (मोबाइल, घडी, क्याल्कुलेटर अडियो, | वितरक | ३,०००।०० | |
| | | थोक | १,५००।०० | |
| | | खुद्रा | १,०००।०० | |
| १५ | ढुङ्गा, गिट्टी तथा बालुवा बिक्री वितरण गर्ने कार्य नियमानुसार गरिने छ। | वार्षिक | १,५००,०००।०० | |
| १६ | क्यारेम बोर्ड | | ५००।०० | |
| १७ | पशु आहार बिक्री केन्द्र | | १,०००।०० | |
| १८ | किराना पसल | थोक | १,५००।०० | |
| | | खुद्रा | ५००।०० | |
| १९ | फलफूल/तरकारी पसल | थोक | ८००।०० | |

| | | | | |
|---|---|---|---|---|
| | | खुद्रा | ४००।०० | |
| २० | खोटो व्यावसायी | प्रति के.जि. | ५।०० | |
| २१ | जग्गा व्यावसायी | | ५,०००।०० | |
| २२ | निर्माण व्यवसायी तथा कार्यक्रम संचालन गर्ने संघ संस्था र कोटेशन | १ लाख भन्दा माथि ५ लाख सम्म | ५,०००।०० | |
| | | ५ लाख भन्दा माथी १० लाख भन्दा माथी | १०,०००।०० | |
| २३ | यस वर्गीकरणमा नपरेका व्यावसायको हकमा | | ७५०.०० | |
| २४ | सिरक, डसना उद्योग पसल | | १,५००।०० | |
| २५ | कुटानी पिसानी हते मिल | | ५००।०० | |
| २६ | कुटानी पेलानी/ मिल | | १,५००।०० | |
| २७ | मसला मिल | | १,०००।०० | |
| २८ | डेरी उद्योग/ व्यवसाय | | १,०००।०० | |
| २९ | उपभोग्य वस्तु उत्पादन उद्योग | कुकिज नुडल्स | १,०००।०० | |
| | | दालमोट पाउरोटी चाउमीन | १,०००।०० | |
| | | पापड चिप्स फिगर | १,५००।०० | |
| ३० | पूर्वाधार विकास शुल्क | उत्तिसको काठमा प्रति गाडी (१० चक्के गाडी) | १,५००।०० | |
| | | खयरको काठमा प्रति के जी | १।०० | |
| | | उत्तिसको काठमा प्रति गाडी (६ चक्के गाडी) | १,०००।०० | |
| ३१ | वनजन्य उद्योग | खयर प्रति के.जी(निजी वन) | ७।०० | |
| | | स मिल प्लाइउड उद्योग | ५,०००।०० | |
| | | काठ बिक्री को लागि स्थानीय रुख प्रति गोटा | १००।०० | |
| ३२ | Excavator mashine दर्ता शुल्क (ठूलो) चेनवाला | | २०,०००.०० | |
| ३३ | व्याक हो लोडर दर्ता सानो मेसिन शुल्क( सानो) | | १०,०००.०० | |
| ३४ | होटल लज रेष्टुरेन्ट | होटल र लज | २,०००।०० | |
| | | चिया र खाजा पसल | २,०००।०० | |
| | | साना,खाजा-नास्ता पसल (मदिरासहित) | २,०००।०० | |
| ३५ | टेन्ट हाउस | | २,०००।०० | |
| | | फोटोकपी, पी.सि.ओ साइबर तथा क्याफे | १,०००।०० | |
| | | कलर ल्याब/ फोटोस्टुडियो | १,०००।०० | |
| ३६ | वित्तीय | वाणिज्य बैंक प्रति शाखा/केन्द्रिय कार्यालय | ५,०००।०० | |
| | | मनी ट्रान्सफर | १,५००।०० | |
| ३७ | | क्लिनिक तथा ल्याब | १,५००।०० | |
| ३८ | ड्राइ क्लिनिक, व्युटी पार्लर तथा सैलुन | | १,०००।०० | |
| ३९ | फूल विरुवा पसल | | ५००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ४० | गैर सरकारी संस्थाहरु | राष्ट्रिय | २,०००।०० | |
| | | अन्तराष्ट्रिय | ५,०००।०० | |
| ४१ | दुग्ध व्यवसाय | | ५००।०० | |
| ४२ | घरेलु उद्योग/मदिरा/अचार | | २,०००।०० | |
| ४३ | क्रसर उद्योग संचालन अनुमति | वार्षिक | १००,०००।०० | |
| ४४ | ससमी बजार ओखे | वार्षिक | ५०,०००।०० | |

(दफा ६ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

जडबिुटी, कवाडी र जीवजन्तु कर

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | जडिबुटी/मौसमी तथा बेमौसमी फलफूल | व्यावसायमुलक | ५,०००।०० | |
| | | मध्यम | २,०००।०० | |
| | | निम्न | १,०००।०० | |
| २ | माछा पालन व्यावसाय | | ५००।०० | |
| ३ | बाखा तथा पशू व्यावसाय | | ५००।०० | |

(दफा ७ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

सवारी साधन कर

| सि.नं. | विवरण | विस्तृत विवरण | कार्यपालिकाबाट स्विकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | सवारी साधन कर | बस, ट्रक, लरी र हेभी गाडी | ३,०००।०० | |
| | | भाडाका कार जिप | १,५००।०० | |
| २ | पटके सवारी कर | बस, ट्रक, ट्रयाक्टर तथा अन्य हेभी सवारी साधन | २००।०० | |
| | | ट्रेक्टर तथा जिप | १००।०० | |

द्रष्टव्यः एक गाउँपालिकाले सवारी दर्ता तथा वार्षिक सवारी कर लिएपछि अर्को गाउँपालिकाले त्यस्तो सवारी दर्ता तथा वार्षिक सवारी कर लिन पाउँनेछैन ।

(दफा ८ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

विज्ञान कर

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | विज्ञापन कर | सार्वजनिक स्थानमा विज्ञापन वा साइनबोर्ड राखेवापत वार्षिक | १,०००।०० | |

अनुसूचि–८

(दफा ९ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

मनोरन्जन कर

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ९ | मनोरञ्जन कर | सिनेमा हल तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा | १०.०० | |
| | | जादु सर्कस चटक आदिमा प्रति दिन | ३००।०० | |

अनुसूचि–९
(दफा १० संग सम्बन्धित)
नेपालको संविधानको धारा २२८ (२) बमोजिम
बहाल बिटौरी शुल्क

| सि.नं. | विवरण | विस्तृत विवरण | कार्यपालिकाबाट स्विकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | बहाल बिटौरी कर | टहरो छाप्रोको मासिक | ५०।०० | |
| | | घर बनेको | १००।०० | |

अनुसूचि–१०
(दफा ११ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२८ (२) बमोजिम
पार्कङशुल्क

| सि.नं. | विवरण | विस्तृत विवरण | स्विकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | पार्किङ्ग शुल्कः प्रतिदिन | बस , ट्रक, लरी, हेभी गाडी, ट्याक्टर, जीप | २०।०० | |

(दफा १२ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२८ (२) बमोजिम
सेवा शुल्क दस्तुर

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | घरजग्गा नामसारी सिफारिस | ५ रोपनी | २००।०० | |
| | | ६ देखि १० रोपनीसम्म | २५०।०० | |
| | | ११ देखि २० रोपनीसम्म | ४००।०० | |
| | | २१ देखि ५० रोपनीसम्म | ६००।०० | |
| | | ५१ रोपनीभन्दा माथि | ८००।०० | |
| २ | मोही लगत कट्टा सिफारिस | १ रोपनी सम्मको | २००।०० | |
| | | १ रोपनी भन्दा माथिको | ३००।०० | |
| ३ | घर कायम सिफारिस | पक्की घर (प्रति वर्ग फिट) | ५।०० | |
| | | कच्ची घर (प्रति वर्ग फिट) | ३।०० | |
| ४ | सरजमिन सिफारिस दस्तुर | | ५००।०० | |
| ५ | छात्रवृति सिफारिस | | २००।०० | |
| ७ | अस्थाइ बसोबास सिफारिस | | ५००।०० | |
| ८ | स्थायी बसोबास सिफारिस | | ४००।०० | |
| ९ | नागरिकता सिफारिस | वंशज | २००।०० | |
| | | प्रतिलिपि | ३००।०० | |
| | | अंगिकृत | ५००।०० | |
| १० | विद्युत जडान सिफारिस | | २००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ११ | धारा जडान सिफारिस | | २००।०० | |
| १२ | जीवित रहेको सिफारिस | | १,०००।०० | |
| १३ | दुबै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्ममिति संशोधन सिफारिस | | ३००।०० | |
| १५ | व्यवसाय बन्द सिफारिस | | २००।०० | |
| १५ | व्यवसाय सञ्चालन नभएको सिफारिस | | २००।०० | |
| १६ | व्यापार व्यवसाय नभएको सिफारिस | | २००।०० | |
| १७ | कोर्ट फी मिनाहा सिफारीस | | १,०००।०० | |
| १८ | नाबालक परिचयपत्र सिफारीस | | २००।०० | |
| १९ | चौपाया सम्बन्धी सिफारिस गाई, गोरु,भैसी,रागाँ | प्रति गोटा | १००।०० | |
| २० | चौपाया सम्बन्धी सिफारिस बंगुर | | १००।०० | |
| २१ | चौपाया सम्बन्धी सिफारिस खसी, बाख्रा | प्रति गोटा | ५०।०० | |
| २२ | व्यवसाय दर्ता सिफारिस | | १,०००।०० | |
| २३ | उद्योग ठाउँसारी सिफारिस | | १,०००।०० | |
| २४ | विद्यालय ठाउँसारी सिफारिस | | १,०००।०० | |
| २५ | विद्यालय सञ्चालन स्वीकृत कक्षा वृद्धि/ सिफारिस | | ५००।०० | |
| २६ | व्यक्तिगत विवरण सिफारिस/ नवीकरण सिफारिस | | २००।०० | |
| २७ | जग्गा दर्ता सिफारिस | | ५००।०० | |
| २८ | संरक्षक सिफारिस व्यक्तिगत | | २००।०० | |
| २९ | संरक्षक सिफारिस संस्थागत | | २००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ३० | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | | ५००।०० | |
| ३१ | कोठा खोल्न कार्य रोहबरमा बस्ने सिफारिस | | २००।०० | |
| ३२ | संस्था दर्ता शुल्क | सहकारी | २,०००।०० | |
| | | टोलविकास | १००।०० | |
| | | क्लबलाई | ५००।०० | |
| ३३ | उपभोक्ता समिति मार्फत संचालन हुने योजना तथा कार्यक्रम | श्रमदान बाहेक रु.५० हजार सम्मको शुल्क | २००।०० | |
| | | श्रमदान बाहेक रु ५१ हजार देखी १ लाख सम्म | ४००।०० | |
| | | श्रमदान बाहेक रु १ लाख देखी ५ लाख सम्म | ७००।०० | |
| | | श्रमदान बाहेक रु ५ लाखदेखि १० लाख सम्म | १,०००।०० | |
| | | श्रमदान बाहेक रु १० लाखदेखि माथि प्रतिलाख बापत रु १०० | १००० र प्रतिलाख बापत रू. १०० | |
| ३४ | जग्गा धनीपुर्जा हराएको सिफारिस | | ३००।०० | |
| ३५ | निरोगिताको सिफारिस | | ५००।०० | |
| ३६ | जीवित सँगको नाता प्रमाणित | | २००।०० | |
| ३७ | मृतकसँगको नाता प्रमाणित | | २००।०० | |
| ३८ | सम्पती तथा आय प्रमाणित | | प्रति एक लाखको १०० | |
| ३९ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | २००।० | |
| ४० | जग्गा मूल्याङ्कन सिफारीस/प्रमाणित | मालपोत | २००।०० | |
| ४१ | चारकिल्ला प्रमाणित | | २००।०० | |
| ४२ | जन्ममिति प्रमाणित | | २००।०० | |
| ४३ | घर बाटो प्रमाणित | सडकले छोएको | ५००।०० | |
| | | सडकले नछोएको | २००।०० | |
| ४४ | विवाह प्रमाणित | | ५००।०० | |
| ४५ | घर पाताल प्रमाणित | | २००।०० | |
| ४६ | कागज/ मञ्जुरिनामा प्रमाणित | | २००।०० | |
| ४७ | हकवाला वा हकदार प्रमाणित | | ३००।०० | |
| ४८ | घर सम्पन्न सिफारिस/ प्रमाणित | पक्की | १,०००।०० | |
| | | कच्ची | ५००।०० | |
| ४९ | अविवाहित प्रमाणित | | ५००।०० | |
| ५० | अपुताली सिफारिस | | २,०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ५१ | अन्य सिफारीस वा प्रमाणित | | २००।०० | |
| ५२ | घर नक्सापास दस्तुर | पक्की घर | १,०००।०० | |
| | | कच्ची घर | ५००।०० | |
| ५३ | नक्सा पास निवेदन फाराम दस्तुर | | ५०।०० | |
| ५४ | घर धुरीकर | फुसको छाना | ५०।०० | |
| | | कर्कटपाताको छाना | १००।०० | |
| | | माटोको छाना | ७५।०० | |
| ५५ | घ वर्गको निर्माण व्यावसायी लाइसेन्स (इजाजतपत्र) शुल्क | इजाजतपत्र दस्तुर | २५,०००।०० | |
| | | नवीकरण दस्तुर | ५,०००।०० | |
| ५६ | पंजिकरण | ३५ दिन भन्दा माथी | २०० | |
| ५७ | पंजिकरण को प्रतिलिपि | | ५००।०० | |
| | उजुरी दर्ता तथा मुद्दा दस्तुर | | ५००।०० | |
| | व्यावसाय तथा कृषि समुह नविकरण | | ५००।०० | |
| ५८ | स्रोत परिचालन | हलभाडा प्रतिदिन वडास्तर | २००।०० | |
| | | हलभाडा गा.पा. को प्रति दिन | १,०००।०० | |
| | | कुर्सी भाडा प्रतिदिन/ प्रतिगोटा | ५।०० | |
| ५९ | धुरी कर | पक्की | २००।०० | |
| | | च्यादर/टायल | १००।०० | |
| ६० | | फुस | ५०।०० | |
| | स्थलगत सर्जमिन | | १,०००।०० | |
| ६१ | पेन्सन बापत | नेपाल | १,०००।०० | |
| | | भारत | २,०००।०० | |
| | | बेलायत, सिंगापुर र अन्य देश | ३,०००।०० | |
| ६२ | मिलापत्र प्रतिपक्ष | | ५००।०० | |
| ६३ | वन | सामुदायिक वन तथा कबुलीयती वन सिफारीस शुल्क | ५००।०० | |
| | | सामुदायिक वनको खयर प्रति के जि | २।०० | |
| | | सामुदायिक वन तथा कबुलीयती वन गाउँपालिकामा दर्ता शुल्क | १,०००।०० | |
| ६४ | प्रतिलिपि दस्तुर | | ३००।०० | |

नोटः- उल्लेखित सबै प्रकारको सिफारिसहरुलाई अंग्रेजिमा तयार गर्दा दोब्बर शुल्क लिइनेछ ।